फर्माकोपियामा उल्लेख भएका र उपचारमा प्रयोग हुने भिटामिन तथा खनिज (**Vitamin, Calcium, Iron, Magnesium** जस्ता **minerals** र **micronutrient**) मिश्रित फर्मास्युटिकल बनावट (ट्याब्लेट, क्याप्सुल, झोलहरु) का औषधिहरु न्युट्रास्युटिकल्सका नाममा र औषधि मिश्रित आइन्मेंट, क्रिमहरु सौन्दर्य प्रशाधन सामग्रीका नाममा आयात गरी बिक्री वितरण भैरहेको भन्ने विषयमा जनगुनासाहरु आइरहेको र बजार अनुगमन तथा निरीक्षणका क्रममा विभागमा दर्ता नभएका त्यस्ता किसिमका औषधिहरु चिकित्सकको सिफारिसमा पुर्जा मार्फत औषधि पसलहरुबाट बिक्री वितरण भैरहेको पाइएको छ। निरिक्षणका क्रममा नेपाल सरकारबाट मिति २०४९/११/१८ मा प्रतिबन्धित भिटामिन तथा खनिज समिश्रण समेत भेटिएकोमा विभागबाट यस्ता कानून विपरीतका कार्यहरुको विरुद्धमा विभिन्न समयमा सम्बन्धित अदालतमा मुद्दा दायरभै विभागको मागदावी बमोजिम आदेश समेत प्राप्त भएको छ। साथै, समान प्रकृतिको मुद्दा सम्मानित सर्वोच्च अदालतमा समेत विचाराधीन रहेको छ। यस विभागबाट पटक पटक सूचना जारी गरी कानून विपरित कार्य नगर्न/नगराउन सम्बन्धित सरोकावाला निकाय तथा सम्बन्धित व्यक्ति समेतलाई जानकारी गराउँदै आईरहेको विदितै छ।

यस विभागमा दर्ता भएका औषधिहरुसंगको सक्रिय तत्व र ब्रान्ड नामसँग दुरुश्त मिल्दोजुल्दो हुने र देखिने गरि न्युट्रास्युटिकल्स तथा सौन्दर्य प्रशाधनका नाममा यस विभागमा दर्ता नै नगरी आयात गरी औषधि पसल मार्फत उपलव्ध गराउँदा चिकित्सक तथा स्वस्थकर्मी र बिरामीहरुलाई समेत भ्रम सिर्जना भएको अवस्था छ। विभागको स्वीकृति विना आयात भएका यस प्रकारका औषधिको सुरक्षितता, गुणस्तरियता र मूल्य सार्थकता (Value for money) एकिन नहुने हुँदा जनस्वास्थ्यमा समेत प्रतिकुल असर पर्ने जोखिम सृजना भएको छ।

औषधि ऐन, २०३५ र सो अन्तर्गत बनेका नियमावली अनुसार औषधि बिक्री वितरण गर्न प्रमाणपत्र लिएको व्यक्तिले ऐनको दफा ८(क) बमोजिम विभागमा दर्ता रहेको औषधि मात्र बिक्री-वितरण गर्नुपर्ने कानूनी व्यवस्था रहेतापनि माथि उल्लेखित विभागमा दर्ता नभएका र नेपाल सरकारबाट प्रतिबन्धित औषधिहरु समेत बिक्री वितरण भइरहेको पाइएकोले यस्ता औषधिहरुको बिक्री वितरण अविलम्ब रोक्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना पुनः प्रकाशित गरिएको छ। यस सूचनाको अवज्ञा गरी त्यस्ता उत्पादनहरु निरिक्षणको क्रममा बिक्री वितरण गरेको पाइएमा कानून अनुसार जफत तथा औषधि ऐन, २०३५ बमोजिम कारवाही हुने छ।

०८/१९/२५

महानिर्देशक

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
औषधि व्यवस्था विभाग

नेपाली सदकीर

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

औषधि व्यवस्था विभाग

प्रदेश स्तरमा हुने फार्मेसी (औषधि) पसल दर्ता प्रमाणपत्र नवीकरण तथा व्यवसायी मान्यता प्राप्त कार्ड नविकरण सम्वन्धि जरुरी सूचना ।

यस विभागले सालवसाली रुपमा फार्मेसी (औषधि पसल) दर्ता प्रमाणपत्र नवीकरण तथा प्रत्येक पाँच पाँच वर्षमा व्यवसायी मान्यता प्राप्त कार्डको नवीकरण गर्दै आईरहेको व्यहोरा विदितै छ।

उल्लेखित कार्यमा हुने खर्चलाइ मितव्ययी बनाइ सेवाग्राहीहरुको माग तथा सुविधालाई ध्यानमा राखी विभागको कार्यलाइ सेवाग्राही मैत्री बनाउन निम्न वमोजिमको मिति र स्थानमा फार्मेसी पसल दर्ता प्रमाणपत्र नविकरण र व्यवसायी मान्यता प्राप्त कार्ड नवीकरण गर्ने जस्ता सेवा प्रदान गर्न यस विभागवाट टोली खटिने हुँदा गण्डकी प्रदेश अन्तर्गत संचालनमा रहेका थोक तथा खुद्रा औषधि पसलका संचालक तथा व्यवसायीहरुको जानकारीको लागि मिति २०८१/०९/२४ को निर्णय वमोजिम यो सूचना प्रकाशन गरिएको छ।

निम्नः

स्थानः स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश, कास्की, पोखरा।

मितिः २०८१/१०/०६ आइतवार देखि २०८१/१०/११ शुक्रवार सम्म, कार्यालय समय भित्र ।

संपर्कः- फा.अ. मणिराज श्रेष्ठ, ९८४३६९८३३०

शाखा अधिकृत

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
औषधि व्यवस्था विभाग

औषधि व्यवस्था विभाग

प्रदेश स्तरमा हुने फार्मेसी (औषधि) पसल दर्ता प्रमाणपत्र नवीकरण तथा व्यवसायी मान्यता प्राप्त कार्ड नविकरण सम्वन्धि जरुरी सूचना ।

यस विभागले सालवसाली रुपमा फार्मेसी (औषधि पसल) दर्ता प्रमाणपत्र नवीकरण तथा प्रत्येक पाँच पाँच वर्षमा व्यवसायी मान्यता प्राप्त कार्डको नवीकरण गर्दै आईरहेको व्यहोरा विदितै छ।

उल्लेखित कार्यमा हुने खर्चलाइ मितव्ययी वनाइ सेवाग्राहीहरुको माग तथा सुविधालाई ध्यानमा राखी विभागको कार्यलाइ सेवाग्राही मैत्री वनाउन निम्न वमोजिमको मिति र स्थानमा फार्मेसी पसल दर्ता प्रमाणपत्र नविकरण र व्यवसायी मान्यता प्राप्त कार्ड नवीकरण गर्ने जस्ता सेवा प्रदान गर्न यस विभागवाट टोली खटिने हुँदा लुम्विनी प्रदेश अन्तर्गत संचालनमा रहेका थोक तथा खुद्रा औषधि पसलका संचालक तथा व्यवसायीहरुको जानकारीको लागि मिति २०८१/११/०५ को निर्णय वमोजिम यो सूचना प्रकाशन गरिएको छ।

निम्नः

स्थानः वुटवल उप महानगरपालिका वडा नं. ८ को कार्यलय भवन, लुम्विनी प्रदेश, वुटवल।
मितिः २०८१/११/११ आइतवार देखि २०८१/११/१५ विहिवार सम्म, कार्यालय समय भित्र ।
संपर्कः- फा.अ. मणिराज श्रेष्ठ, ९८४३६९८३३०

२०८१/११/५
शाखा अधिकृत

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
औषधि व्यवस्था विभाग

प्रतिजैविक औषधिहरुको खपत विवरण सम्बन्धि सूचना

प्रकाशित मिति : २०८१/११/२२

उपरोक्त विषयमा यस विभागबाट प्रतिजैविक औषधिहरुको खपत विवरण सम्बन्धित उत्पादक तथा आयातकर्ताहरुबाट संकलन गरि **WHO** को Global Antimicrobial Resistance and Use Surveillance System **(GLASS)** मा **2023** सम्मको विवरण पेश भएको व्यहोरा जानकारी गराईन्छ। साथै आगामी दिनमा पनि निरन्तर रुपमा सोको वार्षिक विवरण समयमा नै उपलब्ध गराउनु पर्ने दायित्व रहेको छ।

गत वर्ष जस्तै गरि सन् **2024** मा पनि प्रतिजैविक औषधिहरुको प्रयोग तथा खपत विवरण विभागले तयार गरेको ढांचामा सो विवरण **ddaamcreporting@gmail.com** ईमेलमा मिति २०८१/१२/०१ गते भित्र यथासिघ्र पेश गर्नु अनुरोध गरिन्छ।

साथै विश्व पशु स्वास्थ्य संगठन **(WOAH)** मा **Reporting** गर्ने प्रयोजनका लागि नेपाली औषधि उत्पादक तथा आयातकर्ताले सन् **2022, 2023** र **2024** को पशुपन्छीमा प्रयोग तथा खपत भएका प्रतिजैविक औषधिहरुको खपत विवरण पशु सेवा विभागले तयार गरेको ढांचामा मिति २०८१/१२/०१ गते भित्र **vsdrlktm@gmail.com** ईमेलमा यथासिघ्र पेश गर्नु समेत अनुरोध गरिन्छ।

०८१/११/२२

वरिष्ठ औषधि व्यवस्थापक

नेपाल सरकार

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

औषधि व्यवस्था विभाग

प्रकाशित मितिः २०८१।११।२५

Atorvastatin 5mg tablet र Empagliflozin 5mg tablet strength का एकल समिश्रणका औषधिहरुको उत्पादन तथा विक्रिवितरण नगर्ने बारे अत्यन्त जरुरी सूचना।

विभागमा दर्ता भएका Atorvastatin 5mg tablet र Empagliflozin 5mg tablet का एकल समिश्रणका औषधिहरुको प्राविधिक अध्ययन गर्दा सो Individual strength हरु USFDA, EMA, PMDA,TGA लगायत innovator को समेत दर्ता रहेको नदेखिएको, उल्लेखित strength sub-therapeutic dose रहेको र सो strength हरुको तथ्यगत विवरणहरु पर्याप्त स्थापित नभएकोले औषधि मूल्यांकन समितिको मिति २०८१/०६/०९ र २०८१/०७/०२ को सिफारिस अनुरुप औषधि सल्लाहकार समितिको मिति २०८१/१०/०३ गतेको ५७ औं बैठकबाट देहाय बमोजिम निर्णय गरी कार्यान्वयन गर्न यस विभागलाई सिफारिस भई आएकोमा मिति २०८१/११/२५ को विभागीय निर्णयानुसार सम्बन्धित सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

निर्णय:

१. Atorvastatin 5mg र Empagliflozin 5mg tablet strength का एकल समिश्रणका औषधिहरुको नयाँ थप दर्ता नगर्ने र उत्पादन भै वा आयात भै हाल बजारमा उपलब्ध रहेका उक्त औषधिको हकमा निर्णय भएको मितिले बढीमा ३ महिना भित्र बजारबाट फिर्ता गर्ने ।

२. बजारमा मौज्दातमा रहेका यस प्रकारका समिश्रणका औषधिहरुको आधिकारिक विवरण विभागमा पेश गर्ने र सम्बन्धित प्रमाणपत्रहरु, अनुज्ञापत्र र सिफारिसपत्र फिर्ता लिई नियमानुसार रद्द गर्ने।

०८१।११।२५

महानिर्देशक

नेपाल सरकार

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

औषधि व्यवस्था विभाग

प्रकाशित मितिः २०८१।११।२५

नयाँ औषधि तथा नयाँ समिश्रणहरुको अनुमोदन सम्बन्धि सूचना।

औषधि सल्लाहकार समितिको मिति २०८१/१०/०३ गतेको ५७औं बैठकको निर्णयानुसार निम्न पच्चीस (२५) प्रकारका नयाँ औषधि (New Molecule) साथै औषधिका नयाँ समिश्रणहरु तत्तत रोग एवं रोगको अवस्थामा प्रयोग गर्ने गरि अनुमोदन गरी विभागले अपनाई आएको विधि र प्रकृया पुरा गरी दर्ता गर्न सिफारिस भै आएको व्यहोरा मिति २०८१/११/२५ को विभागीय निर्णयानुसार सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

S.NO.	Generic Name	Indication(S)
1	Budesonide 0.5 mg and Formoterol Fumarate 20 mcg Respirator Suspension	for regular treatment of asthma, regular long-term treatment of moderate-to-severe COPD, with frequent symptoms and a history of repeated exacerbations in patients aged 6 years and above
2	Budesonide 1.0 mg and Formoterol Fumarate 20 mcg Respirator Suspension	
3	Nepafenac Ophthalmic Suspension 1mg/ml	for the treatment of pain and inflammation associated with cataract surgery in patient aged 10 years and above
4	Itraconazole 130mg Capsules	for the treatment of Blastomycosis (Pulmonary and extrapulmonary), Histoplasmosis, including chronic cavitary pulmonary disease and disseminated, nonmeningeal histoplasmosis, Aspergillosis, pulmonary and extrapulmonary, in patients who are intolerant of or who are refractory to amphotericin B therapy in patients aged 18 years and above
5	Clofarabine 1mg/ml, 20 ml Vial	for the treatment of Acute lymphoblastic leukaemia (ALL) who have relapsed or are refractory after receiving at least two prior regimens and where there is no other treatment option anticipated to result in a durable response in patients aged 1 to 21 years
6	Pancrelipase delayed release pellets Equivalent to: Lipase 10000 USP units, Protease 37500 USP units, Amylase 33200 USP units	for the treatment of exocrine pancreatic insufficiency due to cystic fibrosis or other conditions in patients aged 12 years and above
7	Pancrelipase delayed release pellets Equivalent to: Lipase 25000 USP units, Protease 62500 USP units, Amylase 74700 USP units	
8	Trimipiramine Maleate equivalent to Trimipiramine 10mg/25mg tab	for the relief of symptoms of depression
9	Prasugrel HCL equivalent to prasugrel 10mg tab	for the prevention of atherothrombotic events in adult patients with acute coronary syndrome in patient aged 18 years and above
10	Prucalopride 2mg tablets	for symptomatic treatment of chronic constipation in adults in whom laxatives fail to provide adequate relief in adults aged 18 years and above

महानिर्देशक

11	Nivolumab 40mg, Injection	for treatment of melanoma, adjuvant treatment of melanoma, non-small cell lung cancer (NSCLC), neoadjuvant treatment of NSCLC, Malignant pleural mesothelioma (MPM), Renal cell carcinoma (RCC), Classic Hodgkin lymphoma (CHL), Squamous cell cancer of the head and neck, Urothelial carcinoma, Mismatch repair deficient or microsatellite instability high colorectal cancer, osophageal squamous cell carcinoma, gastro oesophageal junction or osophageal adenocarcinoma in adults aged 18 years and above
12	Artesunate powder for injection 60mg	for the treatment of severe malaria caused by Plasmodium falciparum, in adults and children
13	Indacaterol 150mcg (as acetate), glycopyrronium 50mcg, mometasone furoate 160mcg	for maintenance treatment of asthma in adult patients not adequately controlled with a maintenance combination of a long-acting beta 2-agonist and a high dose of an inhaled corticosteroid who experienced one or more asthma exacerbations in the previous year in patients aged 18 years and above
14	Ferric carboxymaltose Injection 500mg/10ml, 100mg/2ml, 1000mg/20ml	for the treatment of iron deficiency in adults when oral iron preparations are ineffective or cannot be used in patient aged 14 years and above
15	L-Glutamine powder for oral solution, 5gm in 8gm sachet	to reduce the acute complication of sickle cell disease in adult and pediatric patient 5 years of age and older
16	Carbetocin 100 mcg/ml Injection	for the prevention of uterine atony and postpartum hemorrhage following cesarean section under epidural or spinal anaesthesia in patients aged 18 years and above
17	Aflibercept Injection 40mg per 1ml Injection	for the treatment of patients with Wet Age-related MacularDegeneration (AMD), Macular Edema following Retinal Vein Occlusion (RVO), Diabetic Macular Edema (DME), Diabetic Retinopathy (DR), and Retinopathy of Prematurity (ROP) in patients aged 18 years and above
18	Trifarotene 0.005 % cream	for the cutaneous treatment of Acne Vulgaris of the face and/or the trunk in patients from 12 years of age and older
19	Lacosamide Infusion 10mg/ml	as adjunctive therapy in the treatment of partial-onset seizures in patients with epilepsy aged 17 years and older
20	Fluticasone Furoate 100mcg & Vilanterol 25mcg powder for inhalation	for the long-term, once-daily, maintenance treatment of airflow obstruction in patients with chronic obstructive pulmonary disease (COPD), including chronic bronchitis and/or emphysema
21	Desoximetasone 0.05 % cream	for the relief of acute or chronic corticosteroid-responsive dermatoses
22	Ibuprofen Solution for Infusion 400mg/100ml	for the management of mild to moderate pain and the management of moderate to severe pain as an adjunct to opioid analgesics
23	Vortioxetine HCL 5mg/10mg/20mg	for treatment of major depressive episodes including prevention of relapse in adults aged 18 years and above
24	Varenicline Tartarate 0.5mg/1mg	for smoking cessation in adults (tobacco dependence)
25	Dapagliflozin & Metformin (5 mg/ 500 mg,5 mg/ 1000 mg,10 mg/ 500 mg & 10 mg/ 1000 mg) Tablet, Extended Release)	For treatment of type 2 diabetes mellitus

सहानिर्देशक

नेपाल सरकार

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

औषधि व्यवस्था विभाग

प्रकाशित मितिः २०८१।११।२५

औषधिको स्तर निर्धारण सम्बन्धि सूचना।

औषधि सल्लाहकार समितिको मिति २०८१/१०/०३ गतेको ५७ औं बैठकको निर्णयानुसार निम्न चौध (१४) प्रकारका नयाँ औषधि वा नयाँ समिश्रणका औषधिको स्तर अनुमोदन गरी विभागलाई सिफारिस भै आएको व्यहोरा सम्बन्धित सबैको जानकारीको मिति २०८१/११/२५ को विभागीय निर्णयानुसार यो सूचना प्रकाशन गरिएको छ।

S.No.	Product Name	Analytical Profile No.
1.	Fenbendazole Tablets [Vet]	Fenben 080/81/AP 156
2.	Empagliflozin and Linagliptin Tablets	Empa Lina 080/81/AP 157
3.	Fenbendazole Bolus [Vet]	Fenben B 080/81/AP 158
4.	Benfotiamine Capsules	Benfot 080/81/AP 159
5.	Prucalopride Tablets	Prucal 080/81/AP 160
6.	Thiocolchicoside Tablets	Thioco 080/81/AP 161
7.	Tetracycline Bolus	Tetra 080/81/AP 162
8.	(S)- Amlodipine Besylate and Losartan Tablets	S Amlo Losar 080/81/AP 163
9.	Oxytetracycline Bolus	Oxytetra 081/082/AP 164
10.	Bilastine Orodispersible Tablets	Bilas DT 081/082/AP 165
11.	Bilastine Oral Solution	Bilas OS 081/082/AP 166
12.	Oxyclonazide and Levamisole Bolus [Veterinary]	Oxyclo Levami B 081/082/AP 167
13.	Bedaquiline Tablets	Bedaq 081/082/AP 168
14.	Ciprofloxacin HCl Powder [Vet]	Ciprovet 081/082/AP 169

२०८१।११।२५

महानिर्देशक

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
औषधि व्यवस्था विभाग
प्रकाशित मितिः २०८१।११।२६

Reserve Antibiotics अस्पताल फार्मेसीबाट मात्र विक्रिवितरण गर्ने सम्बन्धि अत्यन्त जरुरी सूचना।

प्रतिजैविक औषधिको राष्ट्रिय खपतको विवरणले रिजर्भ समुहका प्रतिजैविक औषधिहरुको खपत बढ्दै गईरहेको, पशुपन्क्षीमा प्रयोग हुने औषधिहरुको प्रयोग सम्बन्धि प्रतिजैविक सर्भिलेन्सको समेत अभाव रहेको, औषधि सिफारिसकर्ता, औषधि बिक्रेता, र प्रयोगकर्तालाई प्रतिजैविक औषधिको वर्गिकरण बारे पर्याप्त ज्ञान नभएकोले त्यस्ता औषधिको अनुचित प्रयोग हुन गई प्रतिजैविक प्रतिरोध बढ्न जाने सम्भावना रहेको छ।

खुद्रा फार्मेसी मार्फत रिजर्भ समुहको औषधिको विक्रिवितरणले सोको अनुचित प्रयोग हुन सक्ने र सो बाट प्रतिजैविक प्रतिरोध बढ्न जाने भएकोले उपचारको लागि उपयुक्त औषधि उपलब्ध नभई उपचार प्रभावकारी नहुने हुँदा रिजर्भ समुहको औषधिको समुचित नियमन र प्रयोग गर्न औषधि सल्लाहकार समितिको मिति २०८१/१०/०३ गतेको ५७ औं बैठकबाट देहाय बमोजिम निर्णय गरी कार्यान्वयन गर्न यस विभागलाई सिफारिस भई आएकोमा मिति २०८१/११/२५ को विभागीय निर्णयानुसार सम्बन्धित सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छः

निर्णयः

१. प्रतिजैविक प्रतिरोध राष्ट्रिय कार्ययोजना २०८०/८१-८४/८५ (NAP-AMR) मा उल्लेख भए सरह राष्ट्रिय अत्यावश्यक औषधि सूचीमा रिजर्भ समूहका प्रतिजैविक औषधिहरु चिकित्सकको सिफारिसमा अस्पतालको फार्मेसीबाट मात्र विक्रिवितरण गर्ने ।

२. अस्पताल फार्मेसीले प्रतिजैविक औषधिको खपत विवरण वार्षिक रुपमा अभिलेख राख्ने।

३. राष्ट्रिय अत्यावश्यक औषधि सूचीमा सूचिकृत रिजर्भ समूहका प्रतिजैविक औषधिहरु बाहेक अन्य प्रतिजैविक प्रतिरोध औषधिहरुलाई दर्ता गर्दाका बखत विभागले एक्सेस (access), अवेर (aware) र रिजर्भ (reserve) समूहमा वर्गीकरण गरी दर्ता गर्ने ।

पुनश्चः राष्ट्रिय अत्यावश्यक औषधि सूचीमा (NLEM, 6th Edition) सूचिकृत रिजर्भ समूहका प्रतिजैविक औषधिहरु देहाय अनुसार रहेका छन्:

Reserve group antibiotics		
S.No.	Antibiotics	Strength/Dosage Form
1.	Meropenem	Powder for Injection: 500mg, 1gm (as trihydrate) in vial)
2.	Polymyxin B	Powder for Injection: 500,000 IU in vial
3.	Piperacillin + Tazobactam	Powder for Injection: 2gm (as sodium salt) +250mg (as sodium salt); :4gm (as sodium salt) + 500mg (as sodium salt) in vial
4.	Vancomycin	Powder for Injection: 250mg (as hydrochloride) in vial
Complementary List		
5.	Colistin	Powder for Injection: 1 million I.U. (as colistimethate sodium) in vial
6.	Linezolid	Injection for intravenous administration: 2mg/ml in 300ml bag; Powder for Oral Liquid: 100mg/5ml, Tablet: 400mg, 600mg

२८।११।२६
महानिर्देशक

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
औषधि व्यवस्था विभाग
प्रकाशित मितिः२०८१/१२/२१

औषधिजन्य सामग्रीहरुको विज्ञापन तथा प्रयोग सम्वन्धि जरुरी सूचना

सामाजिक संजालका फेसबुक, टिकटक लगायतका माध्यम मार्फत मधुमेह, मोटोपन, **Prostate, Uric acid, Thyroid,** यौनशक्ति बढाउने, क्यान्सर जस्ता रोग समेत निको पार्ने भनि दावी गरिएका औषधिजन्य पदार्थहरूको विधुतीय संजाल **(Online Platform)** मार्फत भ्रमात्मक विज्ञापन गरी अनियन्त्रित विक्री भएको पाइएकोमा विभागको ध्यानाकर्षण भएको छ।

यस विभागमा दर्ता नभएका साथै उक्त उत्पादनहरूको कुनै प्रमाणित वैज्ञानिक आधार समेत नभएको देखिन्छ। प्रयोगशालाहरुको रिपोर्टका आधारमा यस प्रकारका औषधिहरु र तिनका समिश्रणहरुको प्रयोगबाट मानवीय स्वास्थ्यमा थप जटिल समस्या देखिने गरेको प्रमाण एवंम् तथ्यहरु पाइएको छ। उदाहरणका लागि **Garcinia Cambogia** को प्रयोगबाट **Lead Poisoning, Severe Abdominal Pain, Constipation** जस्ता सामान्य देखि गम्भीर किसिमका असर प्रतिअसरहरू विरामीमा देखिने गरेको पाईएको छ। यौनशक्ति बढाउने दावी सहित बजारमा ल्याइएका कतिपय उत्पादनहरुमा यौन दुर्वलता हटाउन प्रयोग हुने औषधि सिल्डेनाफिल **(Sildenafil)** को समिश्रण रहेको भेटिएका छन्। सोको अत्यधिक प्रयोगबाट मानव स्वास्थ्यमा हानि पुऱ्याउनुका साथै मृत्यु समेत हुन सक्दछ।

तथ्यहिन र भ्रमात्मक विज्ञापनका आधारमा औषधि तथा औषधिजन्य सामग्रीका रुपमा प्रयोग हुँदा/गर्दा सर्वसाधारण उपभोक्ताहरूमा नकारात्मक असर पर्नुका साथै जनधनको क्षति समेत हुने हुँदा यस्ता प्रकारका उत्पादनहरु औषधिसँग मिल्दोजुल्दो नाम राखी औषधिकै रुपमा प्रचार प्रसार, सिफारिस, ओसारपसार एवंम् विक्रिवितरण साथै प्रयोग भए गरेको पाईएकोले यस प्रकारका औषधि ऐन, २०३५ विपरितका काम/कारवाही नगर्न/नगराउनु हुन सर्वसाधारण महानुभाव तथा सरोकारवालाहरु सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

२०८१/१२/२१
महानिर्देशक

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
औषधि व्यवस्था विभाग

औषधि फिर्ता (Recall) गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना
प्रकाशित मितिः २०८२/०१/३१

यस विभागबाट बजार अनुगमनको क्रममा संकलन गरिएका औषधिहरुको नमुना श्री राष्ट्रिय औषधि प्रयोगशालाबाट परिक्षण गर्दा देहायको उत्पादकहरुबाट उत्पादित तपसिलको ब्याच नं.को औषधिहरु न्यून गुणस्तर भएको पाइएकोले औषधि ऐन, २०३५ को दफा १४ बमोजिम बिक्रि वितरण रोक्का गरि उक्त ब्याच नं. का औषधिहरु बजारबाट तुरुन्त फिर्ता (Recall) गर्न र सोको विवरण यस विभागमा पेश गर्न सम्बन्धित उद्योग तथा तिनका प्रतिनिधिहरुका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। साथै उक्त ब्याच नं. उल्लेख भएका औषधिहरुको सिफारिस, बिक्रि वितरण तथा प्रयोग समेत नगर्न र नगराउनु हुन सम्बन्धित सबैलाई अनुरोध छ।

तपसिल:

सि.नं.	औषधिको नाम	ब्याच. नं.	Mfg./Exp. Date	कारण	उत्पादकको नाम र ठेगाना
1.	**Dopan-DSR** **Each Capsule contains:** Pantoprazole Sodium sesquihydrate IP eq. to pantoprazole 40mg (as enteric coated pellets) & Domperidone IP 30mg (as sustained release pellets)	DPSC-3301	**Mfg. Date:** Aug. 2023 **Exp. Date:** Jul. 2025	**Does not comply** as per IP 2022 with respect to **assay test** performed.	**उत्पादकको नामः** **Siddhartha Pharmaceuticals Pvt. Ltd.** Madhawaliya, Tilottama-15, Rupandehi, Nepal
2.	**Pandom-DSR** **Each Capsule contains:** Pantoprazole Sodium sesquihydrate IP eq. to pantoprazole 40mg (as enteric coated pellets), & Domperidone IP 30mg (as prolonged release pellets)	PAC-24052	**Mfg. Date:** Apr. 2024 **Exp. Date:** Mar. 2026	**Does not comply** as per IP 2022 with respect to **assay test** performed.	**उत्पादकको नामः** **Supreme Healthcare Pvt. Ltd.** Lipanimal-8, Bara, Nepal.
3.	**Pantafast-DSR** **Each Capsule contains:** Pantoprazole Sodium sesquihydrate IP eq. to pantoprazole 40mg (as enteric coated pellets) & Domperidone IP 30mg (as sustained release pellets)	PFDC 01041	**Mfg. Date:** Apr. 2024 **Exp. Date:** Mar. 2026	**Does not comply** as per IP 2022 with respect to **assay test** performed.	**उत्पादकको नामः** **Arya Pharmalab Pvt. Ltd.** Chhatapipara, Bara, Nepal.

०८२/०१/३१
महानिर्देशक

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
औषधि व्यवस्था विभाग

औषधि फिर्ता (Recall) गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना

प्रकाशित मितिः २०८२/०२/०६

यस विभागबाट बजार अनुगमनको क्रममा संकलन गरिएका औषधिको नमुना श्री राष्ट्रिय औषधि प्रयोगशालाबाट परिक्षण गर्दा देहायको उत्पादकबाट उत्पादित तपसिलको ब्याच नं.को औषधि न्यून गुणस्तर भएको पाइएकोले औषधि ऐन, २०३५ को दफा १४ बमोजिम बिक्रि वितरण रोक्का गरि उक्त ब्याच नं. का औषधि बजारबाट तुरुन्त फिर्ता (Recall) गर्न र सोको विवरण यस विभागमा पेश गर्न सम्बन्धित उद्योग तथा तिनका प्रतिनिधिहरुका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। साथै उक्त ब्याच नं. उल्लेख भएका औषधिको सिफारिस, बिक्रि वितरण तथा प्रयोग समेत नगर्न र नगराउनु हुन सम्बन्धित सबैलाई अनुरोध छ।

तपसिल:

सि.नं.	औषधिको नाम	ब्याच. नं.	Mfg./Exp. Date	कारण	उत्पादकको नाम र ठेगाना
1.	**Povine** Povidone Iodine IP 10%w/v (Available Iodine 1%w/v) Purified water q.s.	LPS5-023	**Mfg. Date:** May. 2024 **Exp. Date:** Apr. 2026	**Does not comply** as per IP 2022 with respect to **assay test** performed.	<u>उत्पादकको नाम:</u> **Curex Pharmaceuticals Pvt. Ltd.** बनेपा-१० काभ्रेपलाञ्चोक, नेपाल

०८२/२/६
महानिर्देशक

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
औषधि व्यवस्था विभाग

औषधि फिर्ता (Recall) गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना

प्रकाशित मितिः २०८२/०२/२६

यस विभागमा प्राप्त औषधिका नमुनाहरु श्री राष्ट्रिय औषधि प्रयोगशालाबाट परिक्षण गर्दा देहायको उत्पादकबाट उत्पादित तपसिल बमोजिमका ब्याच नं. को औषधिहरु न्यून गुणस्तर भएको पाइएकोले उक्त बनावट (Dosage Form) भएको औषधि, औषधि ऐन, २०३५ को दफा १४ बमोजिम बिक्रि वितरण रोक्का गरि बजारबाट तुरुन्त फिर्ता (Recall) गर्न र सोको विवरण यस विभागमा पेश गर्न सम्बन्धित उद्योग तथा तिनका प्रतिनिधिहरुका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। साथै उक्त ब्याच नं. उल्लेख भएका औषधिहरुको सिफारिस, बिक्रि वितरण तथा प्रयोग समेत नगर्न र नगराउनु हुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिलः

सि. नं.	औषधिको नाम	ब्याच. नं.	Mfg./Exp. Date	कारण	उत्पादकको नाम र ठेगाना
1.	**RL 500 ML** (Compound Sodium Lactate Injection IP) Each 100 ml contains: Lactic acid IP 0.24 ml equivalent to Sodium Lactate IP 0.320 gm Sodium Chloride IP 0.60 gm Potassium Chloride IP 0.040 gm Calcium Chloride IP 0.0270 gm Water for injection IP q.s.	**A0581030**	**Mfg. Date:** Oct 2024 **Exp. Date:** Sep 2026	**"Does not comply** as per IP 2022 with respect to sterility test performed"	Lomus Parenterals and Formulation Pvt. Ltd. Chireshwarnath Nagarpalika, Ward No. 1, Dhanusha, Nepal
2	**D5 %, 500 ML** (Dextrose 5 % Injection USP) Each 100 ml contains: Dextrose Anhydrous IP 5 gm Water for injection IP q.s.	**A0181004**	**Mfg. Date:** Nov 2024 **Exp. Date:** Oct 2026	**"Does not comply** as per USP 2024 with respect to sterility test performed"	Lomus Parenterals and Formulation Pvt. Ltd. Chireshwarnath Nagarpalika, Ward No. 1, Dhanusha, Nepal

०८२/०२/२६
महानिर्देशक

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
औषधि व्यवस्था विभाग

औषधि फिर्ता (Recall) गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना

प्रकाशित मितिः २०८२/०२/२८

यस विभागबाट बजार अनुगमनको क्रममा संकलन गरिएका औषधिको नमुना श्री राष्ट्रिय औषधि प्रयोगशालाबाट परिक्षण गर्दा देहायको उत्पादकबाट उत्पादित तपसिलको ब्याच नं.को औषधिहरु न्यून गुणस्तर भएको पाइएकोले औषधि ऐन, २०३५ को दफा १४ बमोजिम बिक्रि वितरण रोक्का गरि उक्त ब्याच नं. का औषधिहरु बजारबाट तुरुन्त फिर्ता (Recall) गर्न र सोको विवरण यस विभागमा पेश गर्न सम्बन्धित उद्योग तथा तिनका प्रतिनिधिहरुका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। साथै उक्त ब्याच नं. उल्लेख भएका औषधिको सिफारिस, बिक्रि वितरण तथा प्रयोग समेत नगर्न र नगराउनु हुन सम्बन्धित सबैलाई अनुरोध छ।

तपसिल:

सि.नं.	औषधिको नाम	ब्याच. नं.	Mfg./Exp. Date	कारण	उत्पादकको नाम र ठेगाना
1.	**CALCIFER DROPS (Cholecalciferol Oral Solution)** Each ml Contains: Cholecalciferol IP 400 IU	CLLF23012	**Mfg. Date:** 08 Oct 2023 **Exp. Date:** 07 Oct 2025	**Does not comply** as per NML AMV Analytical profile No. Chole.D 078/079AP102 with respect to **assay test**	उत्पादकको नामः **National Healthcare Pvt. Ltd.** Chhatapipra, Bara, Nepal.
2.	**CALCIFER DROPS (Cholecalciferol Oral Solution)** Each ml Contains: Cholecalciferol IP 400 IU	CLLF23014	**Mfg. Date:** 05 Nov 2023 **Exp. Date:** 04 Nov 2025	**Does not comply** as per NML AMV Analytical profile No. Chole.D 078/079AP102 with respect to **assay test**	उत्पादकको नामः **National Healthcare Pvt. Ltd.** Chhatapipra, Bara, Nepal.

०८२/२/२८
महानिर्देशक

नेपाल सरकार

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

औषधि व्यवस्था विभाग

प्रकाशित मिति: २०७२/०३/१९

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय औषधि व्यवस्था विभाग

"नविकरण सम्वन्धि विभागको जरूरी सूचना"

औषधि उत्पादन, संचय, विक्रिवितरण, निकासी/पैठारी र थोक एवं खुद्रा पसल संचालन गर्नुपूर्व विभागवाट ईजाजत/प्रमाणपत्र लिनुपर्ने कानूनी प्रावधान रहेको विदितै छ। विभागवाट जारी भएका अनुज्ञापत्र सिफारिसपत्र, एवं प्रमाणपत्र नविकरण गर्नु पर्ने कानूनी व्यवस्था विपरित केहि उत्पादक, थोक तथा खुद्रा व्यवसायी/धनि एवं आयातकर्ता फर्महरुवाट औषधिको उत्पादन, संचय, विक्रिवितरण, आयात वा पैठारी भए/गरेको पाईएकाले विभागको गंभिर ध्यानाकर्षण भएको छ। यस्ता गैह्रकानूनी काम कारवाही विरुद्द औषधि ऐन,२०३५ र अन्तर्गतका नियमावली बमोजिम कारवाही भैरहेको समेत जानकारी गराईन्छ।

कानूनी व्यवस्था विपरित कुनै अनुज्ञापत्र, प्रमाणपत्र वा सिफारिसपत्र नियममा रहेको व्यवस्था बमोजिमको अवधि भित्र नै नविकरण गर्नु गराउन यो सूचना जारी गरिएको छ। औषधि ऐन,२०३५ र अन्तर्गतका नियम बर्खिलाप उत्पादन विक्रिवितरण, संचय एवं निकाशी/पैठारी गरे/ भएको पाईएमा कानुन बमोजिम भैजाने व्यहोरा जानकारीका लागि सूचित गरिन्छ।

०७२/३/१९

महानिर्देशक

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
औषधि व्यवस्था विभाग

औषधि फिर्ता (Recall) गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना

प्रकाशित मितिः २०८२/०२/३०

यस विभागबाट बजार अनुगमनको क्रममा संकलन गरिएका औषधिको नमुना श्री राष्ट्रिय औषधि प्रयोगशालाबाट परिक्षण गर्दा देहायको उत्पादकबाट उत्पादित तपसिलको ब्याच नं.को औषधि न्यून गुणस्तर भएको पाइएकोले औषधि ऐन, २०३५ को दफा १४ बमोजिम बिक्रि वितरण रोक्का गरि उक्त ब्याच नं. का औषधिहरु बजारबाट तुरुन्त फिर्ता (Recall) गर्न र सोको विवरण यस विभागमा पेश गर्न सम्बन्धित उद्योग तथा तिनका प्रतिनिधिहरुका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। साथै उक्त ब्याच नं. उल्लेख भएका औषधिको सिफारिस, बिक्रि वितरण तथा प्रयोग समेत नगर्न र नगराउनु हुन सम्बन्धित सबैलाई अनुरोध छ।

तपसिल:

सि.नं.	औषधिको नाम	ब्याच. नं.	Mfg./Exp. Date	कारण	उत्पादकको नाम र ठेगाना
1.	**AGLOCEF 1G (Ceftriaxone Injection IP) Each Vial Contains:** Ceftriaxone injection equivalent to Ceftriaxone- 1G	N192403	**Mfg. Date:** May- 2024 **Exp. Date:** Oct- 2026	**Does not comply** as per Indian Pharmacopoeia 2022 with respect to **Sterility test Performed**	आयातकर्ता नाम Shubalabh Pharmalink, Birgunj-4, Parsha Nepal उत्पादकको नाम: Aglowmed Ltd, Mumbai, India.

०८२/०२/२०

महानिर्देशक

नेपाल सरकार

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

औषधि व्यवस्था विभाग

औषधिको विक्रिवितरण रोक्का सम्बन्धी अत्यन्त जरुरी सूचना !!!

प्रकाशित मितिः २०८२/०३/२४

यस विभागमा प्राप्त औषधिका नमुना श्री राष्ट्रिय औषधि प्रयोगशालाबाट परिक्षण गर्दा देहायको उत्पादकबाट उत्पादित तपसिल बमोजिमका ब्याच नं. को औषधि न्यून गुणस्तर भएको पाइएकोले औषधि ऐन, २०३५ को दफा १३ बमोजिम औषधिको विक्रि वितरण तत्काल रोक्का राखी, उक्त ब्याचको **Lab Investigation** तथा **Failure/ Root Cause Analysis Investigation Report** लगायतका विस्तृत विवरण ७ (सात) भित्र विभागमा पेश गर्न सम्बन्धित उद्योगलाई र विक्रिवितरण नगर्न तिनका प्रतिनिधिहरुलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। साथै उक्त ब्याच नं. उल्लेख भएका औषधिको सिफारिस, बिक्रि वितरण तथा प्रयोग समेत नगर्न र नगराउनु हुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिलः

सि. नं.	औषधिको नाम	ब्याच. नं.	Mfg./Exp. Date	कारण	उत्पादकको नाम र ठेगाना
1.	**Merocef-200 DT** **(Cefixime Dispersible Tablets IP)** **Each uncoated dispersible tablet contains:** Cefixime Trihydrate USP eq. to anhydrous Cefixime-200mg	**MET 050**	**Mfg. Date:** Aug. 2024 **Exp. Date:** Jul. 2026	**"Does not comply** as per IP 2022 with respect to Disintegration test performed"	**Royal Sasa Nepal Pharmaceuticals Pvt. Ltd.,** Chitwan, Nepal.

०८२/०३/२४

महानिर्देशक

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
औषधि व्यवस्था विभाग

औषधिको विक्रिवितरण रोक्का सम्बन्धी अत्यन्त जरुरी सूचना !!!

प्रकाशित मितिः २०८२/०३/१६

यस विभागमा प्राप्त औषधिका नमुना श्री राष्ट्रिय औषधि प्रयोगशालाबाट परिक्षण गर्दा देहायको उत्पादकबाट उत्पादित तपसिल बमोजिमका ब्याच नं. को औषधि न्यून गुणस्तर भएको पाइएकोले औषधि ऐन, २०३५ को दफा १३ बमोजिम औषधिको विक्रि वितरण तत्काल रोक्का राखी, उक्त ब्याचको **Lab Investigation** तथा **Failure/ Root Cause Analysis Investigation Report** लगायतका विस्तृत विवरण यस विभागमा पेश गर्न सम्बन्धित उद्योगलाई र विक्रिवितरण नगर्न तिनका प्रतिनिधिहरुलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। साथै उक्त ब्याच नं. उल्लेख भएका औषधिको सिफारिस, बिक्रि वितरण तथा प्रयोग समेत नगर्न र नगराउनु हुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिलः

सि. नं.	औषधिको नाम	ब्याच. नं.	Mfg./Exp. Date	कारण	उत्पादकको नाम र ठेगाना
1.	**PANTOLOC** **(Pantoprazole Tablets IP)** Each enteric coated tablet contains: Pantoprazole Sodium Sesquihydrate IP equivalent to Pantoprazole 40 mg.	**TPT-129(B)**	**Mfg. Date:** Dec 2024 **Exp. Date:** Nov 2027	**"Does not comply** as per IP 2022 with respect to Dissolution test (Buffer Stage) performed"	**Curex Pharmaceuticals Pvt. Ltd.** Banepa, Kavre, Nepal

२८/०३/२०८२
महानिर्देशक

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
औषधि व्यवस्था विभाग

औषधि फिर्ता (Recall) गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना

प्रकाशित मितिः २०८२/०३/३०

यस विभागमा प्राप्त भएको औषधिको नमुना श्री राष्ट्रिय औषधि प्रयोगशालाबाट परिक्षण गर्दा देहायको उत्पादकबाट उत्पादित तपसिलको ब्याच नं.को औषधि न्यून गुणस्तर भएको पाइएकोले औषधि ऐन, २०३५ को दफा १४ बमोजिम बिक्रि वितरण रोक्का गरि उक्त ब्याच नं. का औषधि बजारबाट तुरुन्त फिर्ता (Recall) गर्न र सोको विवरण यस विभागमा पेश गर्न सम्बन्धित उद्योग तथा तिनका प्रतिनिधिहरुका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। साथै उक्त ब्याच नं. उल्लेख भएका औषधिको सिफारिस, बिक्रि वितरण तथा प्रयोग समेत नगर्न र नगराउनु हुन सम्बन्धित सबैलाई अनुरोध छ।

तपसिल:

सि.नं.	औषधिको नाम	ब्याच. नं.	Mfg./Exp. Date	कारण	उत्पादकको नाम र ठेगाना
1.	**Povine** **Composition:** Povidone Iodine IP 5%w/v (Available Iodine 0.5%w/v) Purified water q.s.	LP4-157	**Mfg. Date:** Sep. 2024 **Exp. Date:** Aug. 2026	**Does not comply as per IP 2022 with respect to assay test performed.**	उत्पादकको नाम: **Curex Pharmaceuticals Pvt. Ltd.** बनेपा-१० काभ्रेपलाञ्चोक, नेपाल

2082/3/30
निः महानिर्देशक

औषधि प्रयोग गर्दा ध्यान दिनुपर्ने कुराहरू:

- मान्यता प्राप्त स्वास्थ्यकर्मीको पूर्जामा मात्र औषधि प्रयोग गर्ने ।
- औषधिको प्रयोग सम्बन्धि पूर्ण जानकारी लिने ।
- औषधिको सेवन तोकिएको समयमा, तोकिए बमोजिमको फरकमा, तोकिएको समयसम्म प्रयोग गर्ने ।
- औषधि बालबच्चाको पहुँचबाट टाढा राख्ने ।
- यदि कुनै औषधि सेवन गर्न भूलेमा सम्झने बित्तिक्कै सेवन गर्ने तर अर्को मात्रा सेवन गर्ने समय नजिक भएमा सेवन नगरी अर्को मात्रा सेवन गर्ने ।
- आफू गर्भवती भएमा सो बारे स्वास्थ्यकर्मीलाई जानकारी दिने ।
- औषधि प्रयोग गर्दा जिउ चिलाएमा, छालामा डाबरहरु आएका, स्वास फेर्न गाह्रो भएमा वा यस्तै अन्य लक्षण देखा परेमा तुरुन्त औषधि प्रयोग गर्न छाडी स्वास्थ्यकर्मीलाई सम्पर्क राख्ने ।

एण्टिबायोटिक औषधि प्रयोग गर्दा मान्यता प्राप्त स्वास्थ्यकर्मीको सल्लाहमा तोकिएको अवधि र समयभित्र प्रयोग गरौं र गराऔं ।

औषधि सम्बन्धि थप जानकरीका लागि तल उल्लेखित ठेगानामा सम्पर्क राख्नुहोला ।

औषधि व्यवस्था विभाग

मदनभण्डारी पथ-४, बिजुलीबजार, काठमाडौं

पोष्ट बक्स नं. १००३८, फोन नं.: (०१)-४७८०२२७/४७८०४३२, फ्याक्स नं. ०१-४७८०५७२

www.dda.gov.np

औषधि व्यवस्था विभागका शाखा कार्यालय

	कञ्चनबारी, विराटनगर	आदर्शनगर, बेपालगंज	मुरली बजैचा, विरगंज
	०२१-४२०८४५	०८१-५२२०७४	०५१-५२७७५३
E-mail:	biratnagar@dda.gov.np	nepalgunj@dda.gov.np	birgunj@dda.gov.np

For further information, please contact:

Government of Nepal
Ministry of Health and Population
Department of Drug Administration (DDA)
Madan Bhandari Path-4, Bijulibazar, New Baneshwor, Kathmandu
Phone: 01-4791027, 4790432, Fax: 01-4790572
E-mail:info@dda.gov.np
dg@dda.gov.np
Website: www.dda.gov.np

National Medicines Laboratory (NML)
Madan Bhandari Path-4, Bijulibazar, New Baneshwor, Kathmandu Phone:
01-4781269, Fax:01-4780664
E-mail: nml@dda.gov.np

DDA Branch Offices

Kanchanbari, Biratnagar
Koshi Zone
Tel/Fax: 021-420849
E-mail: biratnagar@dda.gov.np

Adarshnagar, Surkhet Road
Nepalgunj, Bheri Zone
Tel/Fax:081-522074
E-mail: nepalgunj@dda.gov.np

Murali Bagaicha, Birgunj, Parsa
Narayani Zone
Tel/Fax: 051-527753
E-mail: birgunj@dda.gov.np

For further information, Please visit www.dda.gov.np

Published by:
Department of Drug Administration
Ministry of Health and Population
Government of Nepal